नेपाल सरकार
जल तथा ऊर्जा आयोगको सचिवालय
**जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र**
**बाढी पूर्वानुमान महाशाखा/भौगर्भिक तथा जल उत्पन्न विपद् अनुसन्धान शाखा**

# चक्रवात ‘अर्नब’ को सम्भावित प्रभाव सम्बन्धमा प्रमुख राजमार्गहरूमा प्रारम्भिक पहिरो जोखिम आंकलन तथा पूर्वसूचना

चक्रवात ‘अर्नब’ को सम्भावित प्रभावका कारण आगामी केही दिनमा नेपालको विशेषगरी नारायणी, बागमती र कोशी नदी जलाधार तथा आसपासका क्षेत्रमा वर्षा भई राजमार्गको क्षेत्रमा पहिरोको जोखिम बढ्न सक्ने देखिएको छ। यसबाट हुन सक्ने सम्भावित पहिरोजन्य जोखिमसम्बन्धी आंकलन देहायबमोजिम रहेको छ।

## १. सम्भावित जोखिम

- पहाडी तथा भिरालो भू-बनोट भएका राजमार्ग खण्डहरूमा पहिरो खस्ने, ढुङ्गा खस्ने/झर्ने र सडक भासिने सम्भावना रहने।
- नदी किनारका सडक खण्डहरूमा नदीको जलसतह बढेर बाढी तथा कटानको जोखिम हुने।
- पहिरो र बाढीका कारण सडक अवरुद्ध हुँदा यातायात सञ्चालन तथा अत्यावश्यक वस्तुको ढुवानीमा असर पर्न सक्ने।
- सानाठूला खहरे खोला तथा कल्भर्टमा पानीको बहाव बढेर सडक क्षति हुन सक्ने।

## २. जोखिममा रहन सक्ने प्रमुख राजमार्ग खण्डहरू

- नारायणगढ—मुग्लिन सडक खण्ड (त्रिशूली र नारायणी नदी किनार)
- कोशी राजमार्ग तथा सिद्धार्थ राजमार्गका संवेदनशील पहिरो क्षेत्र
- कान्ति राजमार्ग, अरनिको राजमार्ग तथा बागमती जलाधार क्षेत्रसँग जोडिएका सडक खण्ड
- अन्य पहिरोको इतिहास भएका तथा नदी किनारका राजमार्ग खण्डहरू


अर्नब चक्रबातको कारणले नेपालमा हुने बर्षाले गर्दा पहिरोको जोखिम बढ्ने हुनाले
२०८३ कार्तिक १२ देखि १५ सम्म यात्रा गर्दा
सजगता अपनाउनु पर्ने सवारी मार्गहरू
N
0 75 150 km
(क)
(ख)
(ग)
(घ)
पहिरोको जोखिम
न्यून
मध्यम
उच्च
30°0'0"N
28°0'0"N
80°0'0"E
82°0'0"E
84°0'0"E
86°0'0"E
88°0'0"E


अर्नब चक्रबातको कारणले नेपालमा हुने बर्षाले गर्दा पहिरोको जोखिम बढ्ने हुनाले
२०८३ कार्तिक १२ देखि १५ सम्म यात्रा गर्दा
सजगता अपनाउनु पर्ने सवारी मार्गहरू
(क)
बेसीसहर-चामे
आरुघाट-लार्केभन्ज्याङ
बेत्रावती-धुन्चे
पहिरोको जोखिम
न्यून
मध्यम
उच्च
0 15 30 km


अर्नब चक्रबातको कारणले नेपालमा हुने बर्षाले गर्दा पहिरोको जोखिम बढ्ने हुनाले
२०८३ कार्तिक १२ देखि १५ सम्म यात्रा गर्दा
सजगता अपनाउनु पर्ने सवारी मार्गहरू
(ख)
राम्दी-दरवार
भिमाद-आरुंगखोला
घुर्मिघाट-कावासोती
पहिरोको जोखिम
न्यून
मध्यम
उच्च
12.5 25 km


अर्नब चक्रबातको कारणले नेपालमा हुने बर्षाले गर्दा पहिरोको जोखिम बढ्ने हुनाले
कार्तिक १२ देखि १५ सम्म यात्रा गर्दा
सजगता अपनाउनु पर्ने सवारी मार्गहरू
बेसीसहर-चामे
(ग)
आरुघाट-लार्केभन्ज्याङ
बेत्रावती-धुन्चे
दोलखा-लामाबगर
मुग्लिन-नारायणघाट
पहिरोको जोखिम
न्यून
मध्यम
उच्च
0 25 50 km


अर्नब चक्रबातको कारणले नेपालमा हुने बर्षाले गर्दा पहिरोको जोखिम बढ्ने हुनाले
२०८३ कार्तिक १२ देखि १५ सम्म यात्रा गर्दा
सजगता अपनाउनु पर्ने सवारी मार्गहरू
(घ)
घुर्मी चतरा उदयपुर
धरान-हिले
दमक-रवि
पहिरोको जोखिम
न्यून
मध्यम
उच्च
0 12.5 25 km

## ३. सर्वसाधारण तथा यात्रुहरूका लागि सुझाव

- अत्यावश्यक नभए भारी वर्षाको समयमा राजमार्ग यात्रा नगर्ने वा स्थगित गर्ने।
- यात्रा गर्नुअघि सम्बन्धित सडक कार्यालय वा ट्राफिक प्रहरीबाट सडकको अवस्था बुझ्ने।
- पहिरो जोखिम क्षेत्रमा सवारी रोक्ने, पार्किङ गर्ने वा विश्राम गर्ने कार्य नगर्ने।
- राति तथा अविरल वर्षाका बेला सवारी सञ्चालन गर्दा विशेष सतर्कता अपनाउने।
- पहिरो खस्न लागेको संकेत (सानो ढुङ्गा खस्ने, माटो चिरा पर्ने, असामान्य आवाज आउने) देखिएमा तुरुन्त सुरक्षित स्थानमा सर्ने।
- आपत्कालीन अवस्थामा नजिकको प्रहरी कार्यालय वा सरकारी आपत्कालीन सम्पर्क नम्बरमा तुरुन्त खबर गर्ने।

पहिरो जोखिमलाई न्यून, मध्यम र उच्च गरी तीन स्तरमा वर्गीकरण गरिएको छ। यसले कुनै स्थानमा पहिरो जाने सम्भावना कति छ र त्यसबाट कति क्षति हुन सक्छ भन्ने जनाउँछ। यो वर्गीकरण भू-बनोट, माटोको प्रकार, भिरालोपन, वर्षाको मात्रा र पहिलेको पहिरोको इतिहासको अवस्थाजस्ता कुरामा आधारित छ।

| जोखिमको वर्गीकरण | सम्भावना, सम्भावित असर तथा आवश्यक कदम |
|---|---|
| न्यून जोखिम | • पहिरो जाने सम्भावना कम हुन्छ।<br>• भू-बनोट प्रायः समथर वा कम भिरालो हुन्छ, माटो वा चट्टान स्थिर हुन्छ।<br>• पहिरोको इतिहास कमै वा नभएको क्षेत्र हुन्छ।<br>• सामान्य सावधानी अपनाए पुग्छ, तर लामो वा अत्यधिक वर्षामा भने सानो भूक्षय हुन सक्छ। |
| मध्यम जोखिम | • पहिरो जाने सम्भावना मध्यम हुन्छ, विशेषगरी लामो समय वा भारी वर्षा भएमा।<br>• भिरालो भू-भाग, कमजोर माटो वा सडक निर्माणका क्रममा काटिएका भिरहरू यस वर्गमा पर्न सक्छन्।<br>• सानो पहिरो, ढुङ्गा खस्ने वा सडकमा क्षणिक अवरोध हुन सक्छ।<br>• यात्रा गर्दा सतर्कता अपनाउनुपर्छ र सम्बन्धित निकायले निगरानी बढाउनुपर्छ। |
| उच्च जोखिम | • पहिरो जाने सम्भावना धेरै हुन्छ, विशेषगरी भारी वर्षा हुँदा।<br>• ज्यादै भिरालो भू-भाग, कमजोर वा भिजेको माटो, पहिलेदेखि सक्रिय पहिरो भएका क्षेत्र र नदी कटान हुने स्थान यसमा पर्छन्।<br>• ठूलो पहिरो गई सडक लामो समय अवरुद्ध हुने, ज्यानमाल तथा सवारीसाधनमा क्षति हुने जोखिम रहन्छ।<br>• अत्यावश्यक नभए यात्रा टार्नुपर्ने, पूर्वतयारी र उद्धार व्यवस्था तयार राख्नुपर्ने अवस्था हुन्छ। |

**नोटः** यो सूचना हालको मौसम पूर्वानुमान तथा प्रारम्भिक आंकलनमा आधारित छ। मौसमी अवस्थामा हुने परिवर्तनअनुसार जोखिमको स्वरूप फेरिन सक्ने भएकाले सम्बन्धित सबै निकाय तथा सर्वसाधारणले आधिकारिक सूचनालाई निरन्तर अनुसरण गर्न अनुरोध छ।